

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १८६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन ५ गते बिहीबार ❑ 21 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## अनलाइनबाटै मतदाता नामावली दर्ता सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ साउन**

कास्की जिल्लामा बुधबार देखि अनलाइनमार्फत मतदाता नामावली फाराम दर्ता सुरु गरिएको छ।

निर्वाचन आयोगले कास्कीसहित देशका पाँच जिल्लामा अनलाइनबाटै नामावली दर्ताको व्यवस्था गरेपछि प्रदेश निर्वाचन कार्यालय पोखराले अनलाइनमार्फत नामावली दर्ता सुरु भएको जनाएको छ । फोटोसहितको मतदाता नामावलीमा हालसम्म नाम दर्ता नगरेका नेपाली नागरिकले अनलाइनबाट फाराम भर्न चाहेमा आयोगको बेवसाइटमा गएर 'मतदाता नामावली प्रि रजिष्ट्रेशन'मा गई व्यक्तिगत विवरण भरी कार्यालयमा पेश गर्न सकिने प्रमुख निर्वाचन अधिकृत एवं कार्यालय प्रमुख हुमनाथ पराजुलीले बताउनुभयो । उहाँका अनुसार यसअघि कार्यालयमै उपस्थित भएर फाराम भर्ने र दर्ताको काम भइरहेकामा पछिल्लो समय नाम दर्ता गर्नेको भीड बढेसँगै मतदाता नामावली सङ्कलनको कार्यलाई सरलीकरण गर्न निर्वाचन आयोगले अनलाइन दर्ताको सेवा दिएको हो । उहाँले भन्नुभयो, 'मतदाता नामावली दर्ताका लागि भीडभाड भएका कार्यालयमा अनलाइनको व्यवस्था गरिएको हो । यसबाट लामो समय लाइन बस्नुपर्ने बाध्यता हटेको छ, काम छिटो सम्पन्न हुनेछ।

हालसम्म नाम दर्ता नगरेका नागरिकले अनलाइन सेवाको उपयोग गरी आफ्नो मताधिकार सुनिश्चित गर्न सक्नुहुनेछ।' जुनसुकै ठाउँबाट पनि अनलाइनबाट आफ्नो विवरण पेश गरेपछि सो फाराममा उल्लेखित संकेत नम्बरसहितको प्रिन्ट कपीसहित फोटो खिच्न र औंठा छाप दिन कार्यालयमा उपस्थित हुनुपर्ने निर्वाचन कार्यालयले जनाएको छ । आयोगले पहिलोपटक गत असार २९ गते राजधानी काठमाडौँ, ललितपुर र भक्तपुरमा अनलाइन दर्ता सुरु गरेको थियो । पछिल्लो पटक कास्कीसहित काभ्रेपलाञ्चोक, चितवन, मोरङ र झापा जिल्लामा सुरु गरिएको हो। यसैगरी जिल्लामा स्थानीय तहको निर्वाचनपछि १० हजार हाराहारीमा नयाँ मतदाता थपिएका छन् । स्थानीय तह निर्वाचनको मिति घोषणापछि रोकिएको मतदाता नामावली दर्ता र अद्यावधिक गर्ने कार्य असारदेखि पुनः सुरु गरिएकामा हालसम्म सो सङ्ख्यामा नाम नयाँ दर्ता भएको कार्यालय प्रमुख पराजुलीले बताउनुभयो।

आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको मिति केही दिनमै घोषणा हुने चर्चाका बीच निर्वाचन कार्यालयमा मतदाता नामावलीमा नाम दर्ता गर्नेको भीड बढेको छ । गाउँगाउँबाट सर्वसाधारण आफ्नो नाम दर्ता र विवरण अद्यावधिक गर्नका लागि कार्यालयमा आउने गरेका छन् ।

## काहुँकोटको पर्यटकीय सम्भावनाबारे बृहत् अन्तर्क्रिया गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ साउन**

पोखराको नजिक रहेर पनि पर्याप्त सम्भावनाका बाबजुद ओझेलमा परेको काहुँकोटको पर्यटकीय सम्भावना सम्बन्धमा स्वतन्त्र पत्रकार सङ्घ नेपालले बृहत् अन्तर्क्रिया गर्ने भएको छ।

यही साउन ६ गते गर्न लागिएको अन्तर्क्रियामा काहुँकोटको पर्यटकीय आकर्षणका सम्पदाबारे जानकारी, स्थानीय समस्याको पहिचान, सञ्चारकर्मीले खेल्नुपर्ने भूमिका र सम्बन्धित निकायले गर्नुपर्ने कामलगायत विषयमा छलफल गरिने सङ्घका राष्ट्रिय अध्यक्ष कृष्णप्रसाद बास्तोलाले जानकारी दिनुभयो।



अन्तर्क्रियाको निष्कर्षलाई लिपिबद्ध गरी सङ्घले पोखरा महानगरपालिका र गण्डकी प्रदेश सरकारलाई समेत प्रतिवेदन बुझाउने कार्यक्रम रहेको उहाँले बताउनुभयो । प्रतिवेदन कार्यान्वयनका लागि सम्बन्धित निकायमा जोड दिइने सङ्घका उपमहासचिव कल्याण पन्तले बताउनुभयो । कार्यक्रममा सङ्घका २९ जिल्लाका ७५ जना सञ्चारकर्मीसहित पर्यटन विज्ञ, स्थानीय जनप्रतिनिधि, टोल विकास संस्था र आमासमूहका प्रतिनिधि, होमस्टे सञ्चालक गरी करिब १५० जनाको सहभागिता रहने सङ्घका कास्की अध्यक्ष असफल गौतमले जानकारी दिनुभयो । पछिल्ला समयमा काहुँकोटमा विभिन्न पर्यटकीय पूर्वाधार बन्ने तयारीसमेत गरिएको छ । धर्मकाया बुद्ध मण्डला विकास तथा व्यवस्थापन समितिको सक्रियतामा पोखरा महानगरपालिका वडा नं ११ स्थित उक्त स्थलमा कूल १७८ रोपनी क्षेत्रफलभित्र बुद्धमूर्तिसहितका संरचना निर्माण गर्न लागिएको हो ।

यस ठाउँमा विशाल बुद्धमूर्तिसहित ध्यानस्थल,


बाँकी अन्तिम पृष्ठमा ▶▶


## सरकारलाई आयोगको ध्यानाकर्षण

**रासस**
**काठमाडौं, ४ साउन**

राष्ट्रिय मानव अधिकार आयोगले सङ्क्रमणकालीन न्यायसम्बन्धी ऐन संशोधन गर्दा सर्वोच्च अदालतको फैसला तथा सङ्क्रमणकालीन न्याय र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मान्यताबमोजिम स्वीकार्य हुने गरी ऐन संशोधन गर्न माग गरेको छ।

आयोगको सिफारिस, पीडित तथा सरोकारवालासँग पर्याप्त छलफल गरेर मात्र द्वन्द्वपीडितको न्याय सुनिश्चित गर्न आयोगले सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गराएको हो । बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप अयोग ऐन, २०७१ लाई संशोधन गर्न सरकारले संसद्मा पेस गरेको विधेयकप्रति ध्यानाकर्षण जनाउँदै सबैलाई स्वीकार्य हुने गरी ऐन संशोधन गर्न आयोगले भनेको हो।

आयोगले दिएको राय सुझाव लिन नखोजेको उल्लेख गर्दै आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आज जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, "सङ्क्रमणकालीन न्यायजस्तो गम्भीर विषयको कानुन संशोधन विधेयक पीडित तथा अन्य सरोकारवालाहरूसँग पर्याप्त छलफल नगरी अपारदर्शी रूपमा संसद्मा पेस गरिएको साथै मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्नेसँग परामर्श नगरी ऐन संशोधन गर्ने विधेयक बनाइएको छ।" सशस्त्र द्वन्द्वपीडितले न्याय प्राप्त गर्ने अधिकार सङ्क्रमणकालीन न्यायको प्रमुख विषय भएको र कानुन संशोधन गर्दा राष्ट्रिय मानव अधिकार आयोगसँग परामर्श गर्ने परम्परा रहिआएको र मानव अधिकारसँग सम्बन्धित विषयमा सरोकार राख्ने आयोगको संवैधानिक अख्तियारी रहेको समेत आयोग सरकारलाई स्मरण गराएको छ।

साथै, उल्लिखित विषयमा पीडित तथा सरोकारवालासँग समेत पर्याप्त छलफल गर्नुपर्नेमा त्यसो हुन नसकेको अवस्थाप्रति आयोग चिन्ता प्रकटसमेत गरेको छ।

## साहित्यकार कुलप्रसाद खनालको निधन

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ साउन**

साहित्यकार कुलप्रसाद खनालको ८० वर्षमा निधन भएको छ।

गण्डकी साहित्य संगमका संस्थापक अध्यक्ष समेत रहेका खनालको काठमाडौं सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा बुधबार बिहान निधन भएको हो।

काठमाडौं मेडिकल कलेजको आइसीयु कक्षमा उपचारको क्रममा खनालको निधन भएको हो। स्व.खनाललाई १२ दिनअघि मेडिकल कलेजमा भर्ना गरिएको धर्मपत्नी लक्ष्मी



खनाललाई जानकारी दिइन् ।

परिवार श्रोतका अनुसार स्व. खनाल विगत ७ वर्षदेखि दमको रोगबाट ग्रसित थिए । विगत ६ महिनादेखि खनाललाई लगातार अक्सिजन दिएर राखिएको परिवार स्रोतले बताएको छ । पछिल्लो समय खनाल निमोनियाबाट समेत ग्रसित भएको परिवार श्रोतले बताएको छ । पृथ्वीनारायण क्याम्पस नेपाली विभागका प्रमुख समेत रहेका खनालले विशेषगरी प्रगतिशील साहित्यिक धारमा निवन्ध, कथा र समालोचना विधामा कलम चलाउँदै आएका थिए। खनालको बुधबार पशुपति आर्यघाटमा अन्त्यष्टी गरिएको छ । विक्रम संवत् २००० असार २५ गते तनहुँको सिम्पानीमा खनालको जन्म भएको थियो।

स्व. खनालको १ धर्मपत्नी लक्ष्मी खनाल, १ छोरा प्रकाश खनाल, ३ छोरीहरु शुभा पौडेल, सुमन पहारी र सुनिता झा छन्।

## असारमा एक अर्ब विकास बजेट खर्च

**पोखरापत्र संवाददाता**
**दमौली, ४ साउन**

तनहुँ जिल्लाका लागि आर्थिक वर्ष २०७८/७९ मा सङ्घीय र प्रदेश सरकारबाट विनियोजित बजेटमध्ये असार महिनामा मात्रै रु एक अर्ब भन्दा बढी विकास बजेट खर्च भएको छ । सङ्घ र प्रदेश सरकारबाट विनियोजित विकास बजेटमध्ये असार महिनामा मात्रै रु एक अर्ब २५ करोड ३९ लाख दश हजार एक खर्च भएको हो।

उक्त आर्थिक वर्षमा विकास बजेटका लागि रु पाँच अर्ब ९५ करोड ३६ लाख ४६ हजार ६९० विनियोजन भएको थियो। सङ्घ सरकारबाट रु तीन अर्ब ६२ करोड २९ लाख ६३ हजार ६९० र प्रदेश सरकारबाट रु दुई अर्ब ३३ करोड छ लाख ८३ हजार विकास बजेट विनियोजन भएको थियो। त्यसमध्ये एक महिनामा मात्रै २१ प्रतिशत विकास बजेट खर्च भएको कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख किशोरकुमार श्रेष्ठले जानकारी दिनुभयो । सङ्घ सरकारबाट विनियोजित बजेटमध्ये विभिन्न कार्यालयले असारमा रु ५३ करोड ९४ लाख चार हजार ३६८ र प्रदेश सरकारबाट विनियोजित बजेटमध्ये रु ७१ करोड ४५ लाख पाँच हजार ६३३ पुँजीगत बजेट खर्च गरेका छन् । सङ्घ र प्रदेश सरकारबाट गरी उक्त आर्थिक वर्षमा रु तीन अर्ब १२ करोड ६१ लाख नौ हजार ८३५ खर्च भएको छ । उक्त वर्षका लागि पुँजीगततर्फ रु पाँच अर्ब ९५ करोड ३६ लाख ३६ हजार ६९० खर्च भएको छ । एक वर्षको अवधिमा कूल बजेटको ५२ प्रतिशत विकास बजेट खर्च भएको छ । गत आर्थिक वर्ष २०७७/७८ मा सङ्घ सरकारबाट पूँजीगततर्फ रु तीन अर्ब ५८ करोड एक लाख ८७ हजार पाँच सय विनियोजन भएकामा ४५.५३ प्रतिशत बजेट खर्च भएको थियो । असार महिनामा मात्रै सङ्घ सरकार मातहतको आन्तरिक राजस्व कार्यालयले रु ८३ लाख २४ हजार १९२, बाख्रा अनुसन्धान केन्द्रले रु २३ लाख ४२ हजार २२२, जिल्ला प्रहरी कार्यालय तनहुँले रु एक करोड ५७ लाख २९ हजार ४९४, दङ्गा नियन्त्रण प्रहरी गणले रु ११ लाख ९२ हजार ७०९, भानुभक्त प्राणी उद्यानले रु ७१ लाख १२ हजार ५१३, सडक डिभिजन कार्यालयले रु २३ करोड छ लाख ५१ हजार २९० खर्च गरेको छ। मुग्लिङ पोखरा सडक योजना (पूर्वी खण्ड) ले रु १६ करोड ७३ लाख ९० हजार ३५०, नयाँ सहर आयोजना डुम्रेले रु दुई करोड ३३ लाख १८ हजार २३३, शिक्षा विकास तथा समन्वय इकाईले रु तीन करोड ३८ लाख २७ हजार ७७७, भानु नगरपालिकाले रु ३१ लाख ८७ हजार, भिमाद नगरपालिकाले ४४ लाख ३७ हजार ६०९व्यास नगरपालिकाले रु ३४ लाख ७१ हजार ३१२ असार महिनामा मात्रै खर्च गरेका छन् । ऋषिङ गाउँपालिकाले रु आठ लाख ७० हजार, देवघाट गाउँपालिकाले रु एक करोड २३ लाख ३० हजार ६८७ र म्याग्दे गाउँपालिकाले रु ६८ लाख ३५ हजार ५१३ एक महिनामा खर्च गरेको कार्यालयले जनाएको छ । यो अवधिमा सबैभन्दा बढी रकम खर्च मुग्लिङ पोखरा सडक योजना (पूर्वी खण्ड) र सडक डिभिजन कार्यालयले गरेको छ। मुग्लिङ पोखरा सडक योजना (पूर्वी खण्ड) ले रु ५७ करोड चार लाख ४२ हजार ९६ र सडक डिभिजन कार्यालयले रु ४३ करोड ७९ लाख ८५ हजार


बाँकी अन्तिम पृष्ठमा ▶▶



उत्पादन बढाऔं र औद्योगिकरणामा सहयोग गरौं ।

◆ विलासिताका बस्तु तथा सेवाको उपयोग घटाऔं।
◆ देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
◆ आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
◆ बचत गरी बैंक तथा वित्तीय संख्यामा रकम जम्मा गरौं।
◆ स्थानीय स्रोतको परिचालन गरी उत्पादनमा लगानी गरौं।
◆ आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पुँजी निर्माणमा योगदान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि उपसमितिका संयोजक र सचिव चयन

**पोखरापत्र संवाददाता**
**दमौली, ४ साउन**

गण्डकी प्रदेशमा आउदो असोज २८ देखि कार्तिक ३ गतेसम्म संचालन हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सम्पन्न गर्न १४ वटा उपसमितिका संयोजक र सचिवहरु चयन भएको छ।

उक्त प्रतियोगिता भव्य रुपमा सम्पन्न गर्न विभिन्न १४ वटा उपसमिति संयोजक तथा सचिवहरु चयन भएको राष्ट्रिय खेलकुद परिषदले जनाएको छ।

खेलस्थल व्यबस्थापन उपसमिति संयोजकमा राखेका सदस्य पोखरेली खेलप्रेमी राजेशकुमार गुरुङ चयन भएका छन । सचिवमा पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिका निर्देशक एवं प्रशिक्षण प्रमुख कृष्ण प्रसाद तिमिल्सिना रहेका छन् ।

त्यसै गरी समारोह उपसमिति संयोजकमा राखेपका सदस्य एकेन्द्र बहादुर कुँवर र सबिचमा शारङ्गिन् निरौला, प्राविधिक उपसमिति संयोजकमा नायब बरिष्ठ प्रशिक्षक हिमालराज दाहाल, सचिवमा नायब बरिष्ठ प्रशिक्षक प्रचण्ड शर्मा रहेका छन् । बसोबास व्यबस्थापन उपसमित संयोजकमा राजकुमार थापा, सचिवमा चन्द्रकुमार राई, अनुशासन उपसमिति संयोजकमा प्रेमा लामा, सचिबमा नारायणराज अर्याल, स्वास्थ्य उपसमिति संयोजकमा बुलन्द थापा, सचिबमा ज्ञानेन्द्र बिक्रम शाह चयन भएका छन् । त्यस्तै यातायात व्यबस्था उपसमिति संयोजकमा प्रकाश कुसारी, सचिबमा देवराज कटुवाल, प्रचार प्रसार संयोजकमा दिपेन्द्रबिष्ट, सचिबमा खुसराज दाहाल, खेल सामाग्री तथा पोशाक व्यवस्थापन उपसमिति संयोजकमा अन्जन धमला, सचिबमा सुजन खतिवडा, श्रोत परिचालन उपसमिति संयोजकमा सुर्य भण्डारी, सचिबमा सरोजकुमार पोखरेल चयन भएका छन् ।

त्यसै गरी स्वयम सेवक उपसमिति संयोजकमा जनक बतौला,सचिबमा भने लिलाराम बस्नेत, एन्टीडोपिङ उपसमिति संयोजकमा डा. नमिसमान प्रधान सचिबमा भने दोबे तामाङ रहेका छन् । करिब ३९ बर्ष पछि पोखरामा हुने उक्त प्रतियोगितालाई सफल पार्न गण्डकी प्रदेश बासी एवं खेलकुदकर्मीहरु एक भएका छन् ।

# गाउँपालिकाको अनुदानमा सयपत्री फूलखेती

**पोखरापत्र संवाददाता**
**वालिङ, ४ साउन**

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले फूलखेतीमा ५० प्रतिशत अनुदान दिएसँगै फूलखेतीतर्फ किसान आकर्षित भएका छन् ।

फूलखेतीका माध्यमबाट स्थानीयवासीलाई रोजगारी दिने र आर्थिक लाभ लिने उद्देश्यसहित गाउँपालिकाले गतवर्ष आफैले फूलखेती थालेकामा यसवर्ष किसानलाई ५० प्रतिशत अनुदान दिएर फूलखेतीतर्फ आकर्षित गरेको हो । यसवर्ष गाउँपालिकाले करिब १५ रोपनी क्षेत्रफलमा र अन्य किसान समूह तथा व्यक्तिको ३५ रोपनी गरी ५० रोपनी क्षेत्रफलमा सयपत्री फूलखेती गरिने भएको गाउँपालिकाका अध्यक्ष खिमबहादुर थापाले बताउनुभयो ।

"गाउँपालिका आफैले फूल खेती गरेर उत्पादित फूल बिक्रीबाट राम्रो आम्दानी गरेपछि यहाँका अन्य किसानलाई पनि यसको व्यावसायिक उत्पादनतर्फ जोड्नका लागि ५० प्रतिशत अनुदान उपलब्ध गराउने निर्णय गरेका छौं", उहाँले भन्नुभयो, "गाउँपालिकाले ईच्छुकहरूको माग सङ्कलन गर्दा १४ किसान तथा किसान समूहलाई छनोट गरेर ५० प्रतिशत अनुदान उपलब्ध गराउने भएको हो ।" गाउँपालिकाले वडा नं ४ को बिर्घा पुछार भन्ने स्थानमा करिब १५ रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती गर्नका लागि नर्सरी स्थापना गरिसकेको उहाँले बताउनुभयो । गाउँपालिकाले व्यावसायिकरूपमा फूलखेती गर्न नर्सरी राखेको बिर्घा पुछारमा पालिकाका सबै वडाबाट छनोट भई आएका किसान समूह तथा किसानलाई प्राविधिक ज्ञान दिइएको प्रमुख प्रशासकीय अधिकृत टङ्कराज पाण्डेयले बताउनुभयो ।

"खनजोतदेखि फूल उत्पादन हुँदासम्मका लागि गाउँपालिकाले प्रतिरोपनी रु नौ हजारका दरले अुनदान उपलब्ध गराउने छ", उहाँले भन्नुभयो, "उत्पादित फूल तथा माला किसान समूह वा किसान आफै बिक्री गर्न पनि सक्ने तर बिक्री नभएमा गाउँपालिकाले बजारीकरणको व्यवस्था मिलाउने छ ।" गतवर्ष गाउँपालिकाले परीक्षणका रूपमा थालेको फूलखेतीको उत्पादन तथा बजारीकरण राम्रो भई मनग्य आम्दानी गरेपछि यसवर्षबाट किसानलाई आकर्षित गर्न अनुदान उपलब्ध गराइएको गाउँपालिकाका कृषि अधिकृत अनुप पौडेलले बताउनुभयो ।

पालिकाका सात वटै वडाका तीन महिला समूह, एक घरबास (होमस्टे) र दश किसान गरी १४ समूह तथा व्यक्ति छनोट भएका हुन् । किसान समूह तथा व्यक्तिले कम्तीमा पनि दुई रोपनीदेखि पाँच रोपनीसम्म जग्गामा व्यावसायिक फूलखेती गर्नेछन् । "पालिकाले नर्सर राखेको स्थानमा नै सबै किसान समूह तथा व्यक्तिलाई बोलाइ प्राविधिक ज्ञान, नर्सरी स्थापना, औषधि, बीउ तथा आधुनिक औजार उपलब्ध गराएका छौं", उहाँले भन्नुभयो, "किसान समूह तथा व्यक्तिले यहाँ सिकेका सीपलाई आ-आफ्नो ठाउँमा लगेर प्रयोग गर्नुभएको छ, अहिले बीउ राखेर बेर्ना उमारिसक्नुभएको छ ।" बीउ राखेको ९० दिनमा उत्पादन लिन सकिने छ । गाउँपालिका तथा किसान समूह, किसानले विशेषगरी दसैं तिहारलाई लक्षित गरेर फूलखेती सुरु गरेको उहाँले बताउनुभयो ।

गाउँपालिकाले यसवर्ष सयपत्री कर्मा ५५५ जातको बीउ लगाएको छ । एउटा बोटबाट ४०० फूल उत्पादन हुने र विभिन्न चरणमा आगामी चैतसम्म टिप्न सकिने उहाँको भनाइ छ। फूलको व्यावसायिक उत्पादन गर्न सकेको खण्डमा आर्थिक उपार्जन गर्न सकिने, खाली खेर गईरहेको जमिनको सही सदुपयोग हुने, फूलका माध्यमबाट पालिकाको पहिचान स्थापित गर्न सकिनाका साथै यहाँको पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने उहाँको विश्वास छ।

# स्याङ्जामा ८० प्रतिशत रोपाइँ सकियो

**पोखरापत्र संवाददाता**
**वालिङ, ४ साउन**

स्याङ्जामा हालसम्म झण्डै ८० प्रतिशत क्षेत्रफलमा धान रोपाइँ सकिएको छ। धान रोपाइँ हुने १६ हजार ६०० हेक्टर क्षेत्रफलमध्ये १३ हजार २८० हेक्टर क्षेत्रफलमा हालसम्म रोपाइँ सकिएको कृषि ज्ञानकेन्द्र स्याङ्जाका सूचना अधिकारी ईश्वरीप्रसाद अर्यालले जानकारी दिनुभयो ।

स्याङ्जाका उत्तरी भेगका पालिकामा धान रोपाइँ करिब करिब सकिए पनि दक्षिण पश्चिमी भेगका पालिकामा रोपाइँ हुनेक्रम जारी रहेको उहाँले बताउनुभयो । "जिल्लाका उत्तरी भेगतिरका खेतीयोग्य जमिनमा असारमै रोप्ने चलन भएकाले छिटो सकिन्छ", उहाँले भन्नुभयो, "तर दक्षिण पश्चिमी भेगमा आधाआधी साउनसम्म अर्थात् ढिलो रोपाइँ गर्ने भएकाले पूरै नसकिएको हो ।"

समग्रमा कृषि प्राविधिकले दिएको तथ्याङ्कका आधारमा उत्तरी भेगमा करिब रोपाइँ सम्पन्न भइसकेको र दक्षिणी तथा पश्चिमी भेगमा रोपाइँ हुनेक्रम जारी रहेकाले औसतमा जिल्लाभर झण्डै ८० प्रतिशत सम्पन्न भएको छ । पानीको पर्याप्त सिँञ्चाइ हुने ठाउँमा समयमै रोपाइँ हुने र वर्षायामको पानीको भरमा रोपाइँ गर्नुपर्ने ठाउँमा केही दिनदेखि परेको खडेरीले झनै पर धकेलिएको कृषि ज्ञानकेन्द्रले जनाएको छ ।

पानीको सुविधा भएका ठाउँमा रोपो हरियो भएर आइसकेको छ । भलपानी छोपेर रोपाइँ गरेका केही ठाउँमा केही दिनदेखिको चर्को घाम तथा खडेरीले खेतका धाँजा फाट्ने र रोपो सुक्दै जाने गरेको छ । स्याङ्जाका चापाकोट टार, जिमूहा, पकान, डौँवा, लामागे, ठूलाडिही, साँखर, चिन्नेबाससहित आँधीखोला, ज्याग्दीखोला र दरौँखोला आसपासका क्षेत्र धान खेतीका दृष्टिले पकेट क्षेत्र हुन् । पछिल्लो समय उन्नत जातका धान लगाउने प्रचलन बढेको छ। विशेषगरी रामधान, सावित्री, सुनौलो सुगन्धजस्ता उन्नत धान लगाउने गरिएको छ ।

केही ठाउँमा स्थानीय जातका पहेँले, आँपझुत्ते, मनसरा, गुर्जी, एक्ले, जर्नेली, अनदी, बाटीसरा, झिनुवा लगायतका पनि लगाउने गरिएको पाइन्छ। उन्नत जातप्रति किसानको आकर्षण बढ्दै जाँदा स्थानीय जातका धान लोप हुनसक्ने खतरा बढ्दै गएको छ ।

पछिल्लो समय स्याङ्जाका विभिन्न भागमा बढ्दो बजारीकरणसँगै सडक तथा घरघडेरी बनाउने कार्यले खेतीयोग्य जमिन नासिँदै गएको छ । विगतका वर्षमा रोपाइँ भएको क्षेत्रफल क्रमशः घट्दै गएको छ ।

## काहुँकोटको...

स्तूप, पुस्तकालय, पर्यटन केन्द्रलगायतका संरचना निर्माण गरिने योजना छ । गण्डकी प्रदेश सरकारले आर्थिक वर्ष २०७९/०८० का लागि रु ७० लाख विनियोजन गरेको छ।

यहाँस्थित धरहरा २०२६ सालमा निर्माण गरिएको हो । उक्त ठाउँ समुद्री सतहबाट एक हजार ४४३ मिटरको उचाइमा पर्छ । यहाँबाट अन्नपूर्ण, माछापुच्छ्रे, धवलागिरिलगायतका हिमशृङ्खलाका साथै सूर्योदय र सूर्यास्तको मनमोहक दृश्य हेर्न सकिन्छ । यहाँ पोखराको चापापानीबाट लगभग साढे सात किलोमिटर लम्बाइको सडकमार्फत पुग्न सकिन्छ । बाइसे चौबिसे राज्यकालमा घले राजाको राज्य रहेको काहुँकोटमा कोट देउराली मन्दिर यहाँको महत्वपूर्ण तीर्थस्थल हो ।

# स्वर्ण विजेतालाई ३२ लाख ५० हजार प्रदान गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ साउन**

युवा तथा खेलकुदमन्त्री महेश्वरजङ्ग गहतराजले चीनको हाङ्झाउमा आयोजना हुने १९औँ एशियाली खेलकुद प्रतियोगितामा स्वर्ण पदक जित्ने खेलाडीलाई रु ३२ लाख ५० हजार प्रदान गर्ने बताउनुभएको छ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) द्वारा बुधबार यहाँ आयोजित कार्यक्रममा उहाँले राष्ट्रका लागि पसिना बगाउने खेलाडीका लागि पुरस्कारस्वरूप उक्त रकम प्रदान गर्ने बताउनुभयो । मन्त्री गहतराजले उक्त प्रतियोगितामा रजत जित्ने खेलाडीलाई रु १९ लाख ५० हजार र कास्यपदक जित्नेलाई रु १३ लाख प्रदान गर्ने जानकारी दिनुभयो । एशियाली खेलकुद प्रतियोगिता आगामी २०२३ को सेप्टेम्बर २३ देखि अक्टोबर ८ तरिखसम्म हुने तय भएको छ । यसैगरी मन्त्री गहतराजले उक्त प्रतियोगिता तयारीमा केही कमी नरहने भन्दै खेलाडी प्रशिक्षणका लागि थप आवश्यक रकम विनियोजन गर्न पछि नहट्ने बताउनुभयो । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले १९औँ एशियाली खेलकुद प्रतियोगिता तयारीका लागि आफ्नो मन्त्रालयले सक्दो सहयोग गर्ने बताउनुभयो। यसैगरी राखेप सदस्य सचिव टङ्कलाल घिसिङले एशियाली खेलकुद प्रतियोगिता तयारीका लागि खेलाडीले निकै मेहनत गरिरहेको भन्दै उक्त प्रतियोगिताका लागि सरकारले रु १० करोड बजेट छुट्याएको बताउनुभयो । एशियाली खेलकुद प्रतियोगिताको पहिलो चरणको ४० दिनको प्रशिक्षण सम्पन्न भएको छ । अबको केही दिनपछि दोस्रो चरणको प्रशिक्षण सुरु गर्ने राखेपले जनाएको छ।

# जाल्पादेबी महिलाद्धारा दन्त शिविर

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ साउन**

जाल्पादेबी महिला उद्धार समुह पोखरा ८ को २५ औ बार्षिक उत्सवको अवसरमा त्रिदिवशीय कार्यक्रम अर्न्तगत पहिलो दिन कान्तिपुर डेन्टल हस्पिटलको सहकार्यमा निःशुल्क दन्त परिक्षण सहित रत्त परिक्षण स्वास्थ्य सचेतना सम्पन्न भएको छ।



स्थानिय महिलाहरुलाई स्वास्थ्य सचेतना गराउने उद्देश्यले आयोजित कार्यक्रमा २ सय भन्दा बढीको परिक्षण गरीएको समुहका अध्यक्ष राधिका थापाले बताउनुभयो । समुहले यस वर्षलाइ रजत वर्षको रुपमा स्वास्थ्य सचेतना सहित मठमन्दिर संक्षण, संस्कृति अभियान, स्थानिय विद्यालयहरुलाई भौतिक समान सहयोग गर्न लागिएको संयोजक दिपा पौडेलले बताउनु भयो ।

सो कार्यक्रमको शुभारम्भ सहित समुहलाई बाध्य सामग्री वितरण गर्दै पोखरा ८ का वार्ड अध्यक्ष रुद्रनाथ बरालले स्थानीय समुह संघ संस्थाको सकरात्मक भुमिकाले वार्डको विकासमा महत्वपूर्ण योगदान रहेको बताए। समुहका अध्यक्ष राधिका थापाको सभापत्तित्वमा भएको कार्यक्रममा सृजना बिकास केन्द्रका अध्यक्ष इन्द्र प्रसाद पौडेल, कान्तिपूर डेन्टलका प्रमुख निश्चल छिमाल, उपाध्यक्ष दुर्गा अधिकारी, सचिव अमृता गिरी लगायतले संस्थाको गतिविधि माथि प्रकाश पारेका थिए।

## असारमा...

८८० खर्च गरेको छ।

प्रदेश सरकार मातहतको घरेलु तथा साना उद्योग कार्यालयले असार महिनामा मात्रै रु २२ करोड १८ लाख ६३७, कृषि ज्ञान केन्द्रले रु नौ लाख २९ हजार ८०६ व्यावसायिक किट विकास केन्द्रले रु ३१ लाख ४३ हजार ६१६, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले रु ५७ लाख १२ हजार ३५७, डिभिजन वन कार्यालयले रु ९८ लाख ८८ हजार ७२४, भू तथा जलाधार व्यवस्थापन कार्यालयले रु दुई करोड तीन लाख ८० हजार १६४, पूर्वाधार विकास कार्यालयले रु ३२ करोड २३ लाख ३४ हजार, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले रु २४ करोड ३६ लाख ९ हजार, सामाजिक विकास कार्यालयले रु एक करोड ३५ लाख १५ हजार खर्च गरेका छन्।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक टन सिद्धान्तको तुलनामा एक औंस कामको धेरै मूल्य हुन्छ । - फ्रेडरिक एंगेल्स

## सम्पादकीय

# न्यायालय सुधार्ने प्रयास

खराब आचरण र कार्यक्षमता अभाब भएका न्यायाधीशहरू बर्खास्त भएका छन । न्यायाधीशहरूको कार्यक्षमता अभाव र खराब आचरणका कारण न्यायालयप्रति जनविश्वास गुम्दै जान थालेको छ । न्यायाधीशले गर्ने फैसलाको कारण न्यायालयप्रति जनविश्वास बढ्छ । न्याय पाउनका लागि अदालत घाउनु परेकालाई न्याय नदिएर पीडकलाई उन्मुक्ति दिने र जस्ले धेरै वकिल राख्न सक्यो उसैको पक्षमा फैसला हुने परिपाटी विकास हुँदैछ । न्यायमा सबैले पहुँच पुऱ्याउने लक्ष्यमा बाधा पुऱ्याउने केही न्यायाधीशका कारण न्याय पीडितले नपाउने अवस्था आउनु दुखद हो । न्यायालयमा विकृति बढेको भन्दै नेपाल बार एशोसिएसन र न्यायाधीशले आन्दोलन गरेका थिए । पछिल्लो समय न्यायालयलाई सुधार गर्न न्याय परिषद तातेको छान्याय परिषद र कामु प्रधानन्यायाधीश दिपक कुमार कार्की न्यायालय सुधार्न लागेको केही निर्णयले देखाएको छ ।

११ दिनमा पाँच न्यायाधीश बर्खास्त भएका छन् । न्यायपरिषद् बैठकले उच्च अदालत दिपायलको महेन्द्रनगर इजलासका राकेशकुमार निधि र काठमाडौं जिल्ला अदालतका अर्जुनकुमार शर्मालाई बर्खास्त गरेसँगै २४ असारयता बर्खास्त हुने न्यायाधीशको संख्या पाँच पुगेको छ । 'निधि र शर्मालाई खराब आचरण र कार्यक्षमता अभाव देखिएकाले बर्खास्तीको निर्णय भएको न्याय परिषद्को जिकिर छ। मुद्दा-मामिलामा न्यायनिरुपण गर्दा प्रभावमा परेको भन्दै उनीहरूमाथि उजुरी परेका थिए । उजुरी परेपनि सर्वोच्च तानेर थन्क्याउने, राजिनामा गर्न लगाएर सबै गल्तीको माफ दिने गरेको थियो ।अहिले भने दबाब र भनसुन गरेर न्यायाधीश बन्ने पनिउ कार्वाही हुन्छन् भन्ने पछिल्ला परिषद्का निर्णयमा हुन ।

२४ असारमा परिषद्ले पूर्वप्रधानन्यायाधीश रामकुमारप्रसाद साहकी छोरी रेणुका साहलाई न्यायाधीश बन्ने योग्यता नपुगेको भन्दै बर्खास्त गर्ने निर्णय गरेको थियो । त्यस्तै, ३१ असारमा उच्च अदालत सुर्खेतको जुम्ला इजलासमा कार्यरत न्यायाधीश नसरुल्लाह अन्सारी र जिल्ला अदालत बर्दियामा कार्यरत न्यायाधीश लोकजंग शाहलाई बर्खास्त गरेको थियो । २८ पुस ०७३ मा नियुक्त भएका निधिविरुद्ध उच्च अदालत राजविराजमा छँदा र शर्माविरुद्ध सिराहा जिल्ला अदालतमा रहँदा उजुरी परेको थियो । झन्डै तीन वर्ष पुराना उजुरीमाथि छानबिनपछि परिषद्ले बर्खास्त गर्ने निर्णय लिएको हो । शर्मा सिराहाबाट २१ असोज ०७७ मा काठमाडौं जिल्ला अदालतमा सरुवा भएका थिए । निधि पनि सोही वर्ष २८ असोजमा जुम्लाबाट महेन्द्रनगर सरुवा भएका थिए । निधि र ३१ असारमा कारबाहीमा परेका अन्सारी एकैपटक सेवामा प्रवेश गरेका थिए । तत्कालीन प्रधानन्यायाधीश सुशीला कार्की परिषद् अध्यक्ष रहेका वेला उनीहरूको नियुक्ति भएको थियो । त्यस्तै, ३१ असारमै सचेत गराइएकी उच्च अदालतकी न्यायाधीश बबिता उप्रेती पनि सोही समयमा नियुक्त भएकी थिइन् ।

न्यायपरिषद्ले अन्य उजुरीहरूमाथि पनि छानबिन भइरहेको जनाएर अब परिषद्ले छोड्दैन भन्ने संकेत गरेको छायद्यपि, थुप्रै उजुरीमा प्रारम्भिक दृष्टिमा न्यायाधीशको दोष नदेखिएपछि तामेलीमा पठाइने गरिएको छ । तर, कैफियत देखिनेबित्तिकै परिषद्ले छानबिन थाल्ने गरेको छायो सकारात्मक काम हो । हाल निलम्बनमा रहेका प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरापछि स्वतः कायममुकायमको हैसियतले दीपककुमार कार्की परिषद् अध्यक्ष छन् । उनी आएयता परिषद्का कामकारबाही र उजुरीउपर छानबिनले तीव्रता पाएको छ । असार मध्यसम्म दुई सयभन्दा बढी न्यायाधीशविरुद्ध उजुरी परेका थिए । तीमध्ये ८५ भन्दा बढी उजुरी तामेलीमा गएका छन् भने अन्यको जाँचबुझ बाँकी रहेको न्याय परिषद्को भनाइले सुधारको बाटोमा जाँदैछ भन्न संकेत हो । संविधानको धारा १५३ ले परिषद्लाई जिल्ला तथा उच्चका न्यायाधीशहरूको नियुक्ति, सरुवा, बढुवा मात्र नभई अनुशासनसम्बन्धी कारबाही र बर्खास्तीसम्म गर्ने अधिकार दिएको छ । जाँचबुझका क्रममा कानुनी रूपमा जानुपर्ने भए भ्रष्टाचारको मुद्दासमेत दायर गर्न सक्ने अधिकार परिषद्लाई छ । परिषदले कसैलाई काखा पाखा नगरि कार्वाही गर्न अहिलेको कामलाई अझ अगाडि बढाउनु आवश्यक छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : ब्यापारमा लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : आर्थिक समस्या | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : मन चञ्चल |
| कन्या | : शारीरिक झमेला | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# घरदैलोमै सामाजिक सुरक्षा भत्ता वितरण

**रासस**
**म्याग्दी, ४ साउन**

सामाजिक सुरक्षा भत्ता लिन सास्ती व्यहोर्नुपरेको जनगुनासो बढिरहेका बेला म्याग्दीका दुई स्थानीय तहले घरमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालेका छन् ।

रघुगङ्गा र अन्नपूर्ण गाउँपालिकाले नीतिगत निर्णय गरेर पालिकाको केन्द्रमा रहेको बैंकमार्फत वितरण हुने सामाजिक सुरक्षा भत्ता वडा र बस्तीस्तरमै पुगेर वितरण गर्ने प्रबन्ध मिलाएका हुन् । रघुगङ्गा गाउँपालिकाले वडा र बस्तीस्तरमा पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । बैंकिङ प्रणालीमार्फत वितरण हुँदै आएको सामाजिक सुरक्षा भत्तालाई लाभग्राहीको थप सहजताका लागि गाउँपालिकाको समन्वयमा बैंकका कर्मचारीलाई वडा र बस्तीस्तरमै पुऱ्याएर वितरण गर्ने प्रबन्ध मिलाइएको गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले जानकारी दिनुभयो ।

रघुगङ्गाका आठवटै वडाका लाभग्राहीको प्रभु बैंकमा रहेको खातामा गत वैशाखदेखि असारसम्मको सामाजिक सुरक्षा भत्ता पठाइसकिएको र भौगोलिक कठिनाइका कारण गाउँपालिकाको केन्द्रमा रहेको बैंकसम्म आएर भत्ता बुझ्न कठिनाइ भएपछि बैंकका कर्मचारीलाई बस्तीस्तरमा पुऱ्याएर वितरण गर्न थालिएको हो । गाउँबस्तीमा पुगेर भत्ता वितरणमा हुने सबै खर्च गाउँपालिकाले व्यहोर्ने जनाएको छ । रघुगङ्गामा कार्यतालिका नै बनाएर मङ्गलबार वडा नं ४ बाट गाउँबस्तीमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण गर्न थालिएको प्रमुख प्रशासकीय अधिकृत अमृत सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार मङ्गलवार वडा नं ४ दग्नामको वडा कार्यालय र दरमिजाको शिव आधारभूत विद्यालयबाट भत्ता वितरण गर्ने काम सकिएको छ ।

त्यसैगरी बुधबार वडा नं १ को बाँदुक र वडा कार्यालय बेग, बिहीबार वडा नं ७ को चिमखोला, साउन ७ गते वडा नं ६ को कोटगाउँ र वडा कार्यालय पाखापानी, साउन १० गते वडा नं ८ कुइनेमङ्गलेको वडा कार्यालय, साउन १२ गते वडा नं २ को वडा कार्यालय, देउराली आधारभूत विद्यालय र सीताराम टोल तथा साउन १३ गते वडा नं ३ को वडा कार्यालय र मालिका देवी आधार भूत विद्यालयबाट लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्ने तयारी गरिएको छ । अन्नपूर्ण गाउँपालिकाले वडा नं १ दोबाबाट वडामै पुगेर सामाजिक भत्ता वितरण सुरु गरेको छ । पोखरेबगर स्थित गरिमा विकास बैंकमार्फत बैंकिङ प्रणालीबाट वितरण हुँदै आएकामा ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका नागरिकको सहजताका लागि बैंकका कर्मचारीले जनप्रतिनिधि र सुरक्षा निकायको रोहवरमा वडामै पुगेर भत्ता वितरण गरेका छन् ।

दोबाका १२६ लाभग्राहीलाई वडाबाटै भत्ता वितरण गरिएको बैंकले जनाएको छ । अन्नपूर्ण गाउँपालिकाले आठवटै वडामा गाउँमै पुगेर लाभग्राहीलाई सामाजिक सुरक्षा वितरणको प्रबन्ध मिलाउने कार्यपालिका बैठकबाट निर्णय गरेको छ । ज्येष्ठ नागरिक, दलित, अशक्त, असहाय, विधवालगायतका लाभग्राहीलाई बैंकमा आएर भत्ता लिन असहज भएकाले उहाँहरूको सम्मान र सहजताका लागि हरेक वडामै पुगेर भत्ता वितरण गर्ने निर्णय गरिएको गाउँपालिकाका अध्यक्ष भरतकुमार पुनले बताउनुभयो ।

# कुश्मा-बुटवल प्रसारण लाइनमा नगरको अवरोध

**पोखरापत्र संवाददाता**
**पर्वत, ४ साउन**

राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका रूपमा निर्माणाधीन कालीगण्डकी प्रसारण करिडोरको कुश्मा-बुटवल वितरण लाइन निर्माणमा पर्वतको फलेवास नगरपालिकाले अवरोध गरेको छ ।

पर्वतको फलेवास नगरपालिकाले अहिले बनाउन थालिएको स्थानभन्दा दायाँ वा बायाँ परिवर्तन गर्न माग गर्दै प्रसारण आयोजनाको काम अवरोध गरेको हो । खासगरी नगरपालिकाको वडा नं ६ देवीस्थानको ठूलो क्षेत्रफल प्रसारण लाइनले प्रभावित पार्ने भएपछि क्षेत्र परिवर्तन गर्न माग गरिएको नगरप्रमुख गङ्गाधर तिवारीले बताउनुभयो । फलेवासको 'नगरको गौरव' को आयोजनाका रूपमा निर्माण गरिरहेको फलेवास रङ्गशालाको बीचमा पर्नेगरी २२० केभीको लाइनका टावर निर्माण गर्न लागेपछि देवीस्थानवासी र फलेवास नगरपालिकाका जनप्रतिनिधिनै त्यसको विरोधमा उत्रिएका हुन् ।

आयोजनाका तीनवटा टावर निर्माण गर्दा नगरकै गौरवका रूपमा रहेको रङ्गशाला, निर्माणाधीन फलेवास बसपार्क र दुईवटा सामुदायिक विद्यालयमा समेत असर पर्ने भएकाले वैकल्पिक क्षेत्रबाट लाइन निर्माण गर्न फलेवासवासी नगरपालिकाले आयोजनासमक्ष माग गरेको हो । कालीगण्डकी करिडोर प्रसारण आयोजनाको कुश्मा-बुटवलखण्ड विस्तारको लाइन सार्न माग गर्दै केही महिनादेखिनै स्थानीयवासीले दबाब दिँदै आए पनि सुनुवाइ हुन सकेको छैन । नगरकै गौरवका रूपमा निर्माणाधीन फलेवास रङ्गशालाको माथिबाट लाइन विस्तार गर्दा रङ्गशाला नै विस्थापित हुने भन्दै देवीस्थानवासी र समग्र फलेवासका जनप्रतिनिधिसमेतले आयोजनाको विरोधमा उत्रिएका हुन् । आयोजना पक्षले एकतर्फीरूपमा पेलेर अघि बढ्न खोजेको नगरप्रमुख तिवारीले बताउनुभयो । गत १६ असारमा प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाको अध्यक्षतामा बसेको बैठकमा समेत कायम भएकै रुटबाट लाइन निर्माण गर्ने सहमति भएको भन्दै थप आन्दोलनका कार्यक्रम सञ्चालन गर्ने स्थानीय भोला भुसालले बताउनुभयो । पर्वतको खुर्कोटदेखि बुटवलसम्मका २३३ टावरमध्ये हालसम्म २३० टावर निर्माण भइसकेको आयोजनाले जनाएको छ । देवीस्थानवासीले एपी १० ए, एपी १० बी र एपी ११ गरी तीनवटा टावर निर्माणका क्रममा विरोध जनाएको आयोजना प्रमुख चन्दनकुमार घोषले जानकारी दिनुभयो । आयोजना प्रमुख घोषले प्रसारण लाइनको टावर अन्यत्र सार्न नमिल्ने भन्दै नापजाँच भएर स्वीकृत भएकै ठाउँमा निर्माण गर्नुपर्ने बताउनुभयो । उहाँले प्रसारण लाइनको काम करिब अन्तिम चरणमा रहेको बताउनुभयो । आयोजनाको खुर्कोट-बुटवल प्रसारण लाइन २२० केभिए क्षमताको हो । सोही आयोजनाको पहिलो खण्ड दाना-खुर्कोट अघिल्लो वर्षको माघमै सम्पन्न भइसकेको छ । २२० केभिएको ८८ किलोमिटर लामो लाइनमार्फत बुटवल स्टेशनमा जोड्ने यो लाइनमार्फत १५ सय मेगावाटसम्म विद्युत् प्रसारण क्षमता रहेको आयोजनाले जनाएको छ । दानादेखि खुर्कोटसम्मको लाइनमा भने ५०० मेगावाट विद्युत् प्रसारण हुने भएको छ ।

# कालीगण्डकी करिडोरको काम धमाधम

**पोखरापत्र संवाददाता**
**पर्वत, ४ साउन**

उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरअन्तर्गत पर्वत खण्डको काम धमाधम भइरहेको छ । पर्वत र स्याङ्जा खण्डमा अहिले स्तरोन्नतिको काम भइरहेको छ ।

उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोरअन्तर्गत पर्वतको अर्मादीबाट स्याङ्जाको मिर्मीसम्मको ५४ किमी सडकखण्डको स्तरोन्नतिका साथै कालोपत्र गर्ने काम ६ निर्माण कम्पनीले गरिरहेका छन्।उक्त खण्डको मिर्मीबाट फलेवास ढिकसम्मको सडकखण्डमा कालोपत्रका लागि काम भइरहेको छ । सेतीवेणीबाट फलेवास ढिकसम्मको सडकखण्डमा कालोपत्र पनि धमाधम भइरहेको छ । करिडोरअन्तर्गत फलेवास-मोदीवेणी-अर्मादी सडकखण्डको ट्र्याकओपन हालै ब्रेक थ्रु भएको छ । मोदीवेणी नजिकैको भिरमा काम गर्ने क्रममा दुर्घटना भएपछि रोकिएको काम हालै ब्रेक थ्रु भएको सूचना अधिकारी पवित्रमणि आचार्यले जानकारी दिनुभयो । अब उक्त खण्डमा वर्षायाम रोकिएलगत्तै थप स्तोरन्नतिको काम सुरु हुने छ । यस अघि सो खण्डको स्तरोन्नतिको जिम्मा लिएको सूर्य कन्सट्रक्शनको लापरवाहीका कारण कामले गति लिन सकेको थिएन ।

राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरअन्तर्गत पर्वत खण्डको फलेवास-मोदीवेणी-अर्मादी सडकखण्डको कामले बल्ल गति लिएको छ । रु नौ करोड १७ लाख ४९ हजारको लागतमा निर्माण हुनलागेको उक्त खण्डको फलेवास ढिकबाट मोदीवेणीसम्म ट्र्याक पहिल्यै खुलेको हो । मोदीवेणीबाट अर्मादीको खण्ड हालै सञ्चालनमा आएको छ ।

सेतीवेणीबाट पर्वतको रानीपानीसम्म सात किलोमिटर सडकमा प्यासिफक जलजला जेभीले कालोपत्रको काम गरेको छ । यो खण्डको काम तीव्रगतिमा भएको छ । यो खण्ड अन्य काम सकेर कालोपत्रको चरणमा रहेको कालीगण्डकी करिडोर आयोजनाले जनाएको छ । रानीपानीबाट फलेवास ढिकसम्मको २२ किमी सडकमा पनि कालोपत्र गर्न दुई निर्माण कम्पनीले काम धमाधम गरिरहेका छन् । उक्त खण्डको रानीपानीबाट खबरको भिरसम्म ६ किमी सडकको काम महालक्ष्मी पाण्डे एण्ड कम्पनी जेभीले गरेको छ । यो खण्ड कालोपत्र भइसकेको आयोजनाले जनाएको छ । त्यसैगरी खबरको भिरबाट फलेवास ढिकसम्मको सडकखण्डको १६ किमीमा स्वच्छन्द वर्ल्डवाइड ओमबुद्ध जेभीले स्तारोन्नति र कालोपत्र गर्ने काम गरिरहेको आयोजनाका सूचना अधिकारी आचार्यले जानकारी दिनुभयो । सेतीवेणीबाट फलेवास सडकखण्ड यसै आर्थिक वर्षममा कालोपत्र सम्पन्न गर्ने लक्ष्य छ । सेतीवेणीबाट फलेवास ढिकसम्मको सडकखण्डमा सन्तोषजनक काम भएको छ । मिर्मीबाट सेतीवेणीसम्मको सडक स्तरोन्नतिका साथै कालोपत्र गर्न दुई निर्माण कम्पनीले काम थालेका छन् । उक्त खण्डको तीन किमी सडक काष्ठमण्डप कालीमनकामना जेभीले गरेको छ भने सात किमी सडकको काम महादेव खिम्ती अञ्जना पराजुली जेभीले गरेको छ । उक्त सडकखण्डमा पनि कालोपत्रका लागि अहिले स्तरोन्नति तथा फाउण्डेशनको काम भइरहेको छ । मिर्मीबाट सेतीवेणीबीचको भिरमा कडा चट्टान परेका कारण कामले गति लिन नसकेको हो । उक्त स्थानमा चट्टान फोड्न विस्फोटनको तयारीसमेत गरिएको छ । कडा चट्टान हुँदा उक्त खण्डको काम सन्तोषजनक हिसाबले अगाडि बढ्न सकेको छैन । लमाएखोलामा पुल बनाउने काम अघि बढेको आचार्यले जानकारी दिनुभयो । भौगोलिक कठिनाइ र प्राविधिक समस्याले पुलको काम ढिला भएको हो । तत्कालका लागि बेलीब्रिज निर्माण गरेर गाडी गुड्ने बनाइने छ । चौध किमी सडकखण्डका लागि कार्यालयले ट्र्याक खोल्ने, ग्राभेल गर्ने र कल्भर्ट तथा पर्खालिलगायतको काम गर्ने गरी २०७३ असारमा सूर्य कन्सट्रक्शनसँग सम्झौता भएको हो ।

अहिले सबै खण्डमा धमाधम काम भइरहेको छ । कालीगण्डकी लोकमार्गलाई धार्मिकमार्गका रूपमा हेरिएको छ । लुम्बिनीबाट मुक्तिनाथ र यसबीचमा पर्ने स्याङ्जाको राम्दी, सेतीवेणी, पुर्तीघाट, मोदीवेनी दिव्यधामजस्ता धार्मिकस्थललाई यो राजमार्गले छोएको छ । त्यस्तै कृषिको विकासमा पनि कालीगण्डकी लोकमार्ग वरदान सावित हुने देखिन्छ । विकासको मेरुदण्ड मानिएको कालीगण्डकी करिडोर पर्वत, स्याङ्जा खण्डमा जनप्रतिनिधिले समयमै काम सम्पन्न गर्न नियमित खबरदारी गरिरहेका छन् ।

# तातोपानीमा खानेपानी आयोजना निर्माण

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ४ साउन**

बेनी नगरपालिका-४ तातोपानीमा खानेपानी योजना निर्माण भएको छ । रु एक करोड ४६ लाखको लागतमा निर्माण भएको योजनाबाट २५७ घरधुरी लाभान्वित भएका छन् । खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालय म्याग्दीको आर्थिक तथा प्राविधिक सहयोग र उपभोक्ताको श्रमदानमा योजना निर्माण भएको हो ।

घरघरमा मिटर जडान गरेर खानेपानी वितरण गरिएको तातोपानी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिका अध्यक्ष थमबहादुर खत्रीले बताउनुभयो । "विसं २०७२ देखि सुरु भएको आयोजना सात वर्षको प्रयासमा निर्माण सम्पन्न भएको छ", उहाँले भन्नुभयो "वितरण व्यवस्थित र अनावश्यक पानी खर्च हुन नदिन सबै उपभोक्ताको धारामा मिटर जडान गरिएको छ।" घरघरमा खानेपानी आपूर्ति हुन थालेपछि तातोपानीवासीको दैनिकी फेरिएको छ । तल्लो, उपल्लो तातोपानी बजार, फापरखेत, मसार, पुलमुख, कान्ला, टिमिलाखर्क, पाटारुख र चौकी टोलमा मिटर जडान गरेर निजी धारामा पानी वितरण गरिएको छ ।

खानेपानी, जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयका प्रमुख सुरेन्द्र पौडेलका अनुसार कार्यालयको रु एक करोड २२ लाख १४ हजार र उपभोक्ताको रु २४ लाख बराबरको श्रमदानमा आयोजना निर्माण सकिएको छ । "पाइप कार्यालयले खरिद गरेर उपलब्ध गराएको छ । ट्याङ्की, आरबिटी, इन्टेक, मुख्य लाइन निर्माणमा कार्यालयले खर्च गरेको छ," उहाँले भन्नुभयो "शाखा र वितरण लाइन खन्न र पुर्न उपभोक्ता समितिले श्रमदान गरेका हुन् । उपभोक्ताले आफू अनुकूलका धारा बनाएका छन् ।" तातोपानी प्राकृतिक उपचारस्थलको रूपमा परिचित छ । यहाँको प्राकृतिक तातोपानी कुण्डमा स्नान गर्न वर्सेनी हजारौँ बिरामी आउने भएकाले खानेपानी आपूर्ति चुनौती बनेको थियो । योजनाबाट स्थानीयवासीका साथै तातोपानी स्नान गर्ने बिरामी र भ्रमणका लागि आउने पर्यटक तथा पाहुनासमेत लाभान्वित भएका छन् । स्थानीयवासी दधीलाल अधिकारीका अनुसार यसअघि १५ वटा सार्वजनिक धारामा पालो लगाएर पाइपमार्फत घर-घरमा खानेपानी आपूर्ति गरिएको थियो । "स्रोतको कमी र बढ्दो सहरीकरणसँगै खानेपानी आपूर्ति र वितरणमा समस्या भएको थियो," उहाँले भन्नुभयो "नयाँ आयोजना निर्माणसँगै पानीका कारण हुने सामाजिक द्वन्द्व हटेको छ ।"

धाराबाट पानी ओसार्दा हुने समयको बचत भएको छ। घरभित्र र आगनमै धारा हुँदा सुरक्षित र सहज भएको छ। खानीखोला, लेतेखोला, टिमिलाखर्क, भित्रिवनको चार वटा मुहानको पानी एक लाख, २० हजार र दश हजार लिटरको तीन वटा टङ्कीमा सङ्कलन गरेर पाइपमार्फत घरघरमा वितरण गर्ने संरचना बनाइएको छ । तीन हजार ४५० मिटर मुख्य, छ हजार ६११ मिटर शाखा र वितरण, ६ वटा इन्टेक, ३ वटा क्रसिङ लगायतका संरचना निर्माण भएको छ ।

# चितवनमा ३७ गैँडा मरे

**रासस**
**चितवन, ४ साउन**

चितवन राष्ट्रिय निकुञ्जमा गत आर्थिक वर्षमा ३७ गैँडा मरेका छन् । ती मध्ये दुई चोरीसिकारी र बाँकी प्राकृतिक कारणले मरेका हुन ।

उमेर पुगेर, बिरामी भएर, बाघको आक्रमणबाट, दलदलमा भासिएर, जुधेर तथा बाढीले बगाएर जस्ता कारणले गैँडा मरेका हुन् । निकुञ्जका सूचना अधिकारी गणेशप्रसादतिवारीलेचोरीसिकारीबाट मरेका दुईमध्ये एउटाको खाग खुर सुरक्षित रहेको जानकारी दिनुभयो । स्थानीयवासीले दुःख पाएपछि करेन्ट लगाएर सो गैँडा मारेको आशङ्का रहेको छ । अर्को एक भने चोरीसिकारीले मरेको पुष्टि भएको छ । मरेका गैँडामध्ये १८ भाले, १४ पोथी र पहिचान नभएका पाँच रहेको उहाँले बताउनुभयो । मरेका गैँडामा एक महिनादेखि ३५ वर्ष उमेर सम्मका रहेको निकुञ्जको तथ्याङ्कले देखाएको छ । राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रमा यी गैँडा मरेका हुन् । बासस्थान साँघुरो र घाँसे मैदानको कमीका कारण आहाराको कमीले पनि एकै ठाउँमा धेरै गैँडा हुँदा एकापसमा जुध्ने गरेको बताइन्छ । नौ सय ३२ वर्गमिटरमा फैलिएको चितवन राष्ट्रिय निकुञ्जभित्र १० हजार ४९७ हेक्टर क्षेत्रफल घाँसे मैदान छ । सो क्षेत्रभित्र ४२५ ठाउँमा घाँसे मैदानको व्यवस्थापन गरिएको छ । पछिल्लो समय यी घाँसे मैदान नासिँदै गएका छन् । निकुञ्ज स्थापनाताका २० प्रतिशतसम्म रहेको घाँसे मैदान अहिले घटेर १० प्रतिशतभन्दा तल झरेको छ । सन् २०२१ को गैँडा गणनाअनुसार नेपालमा ७५२ गैँडा रेकर्ड भएका छन् ।

# बागलुङमा ७५ प्रतिशत विकास बजेट खर्च

रासस

बागलुङ, ४ साउन

बागलुङमा गत आर्थिक वर्षमा ७५.२५ प्रतिशत विकास बजेट खर्च भएको छ।

बागलुङमा आर्थिक वर्ष २०७८/७९ मा सङ्घीय तथा प्रदेश कार्यालयबाट प्राप्त रु तीन अर्ब ६४ करोड १५ लाख १९ हजार ५०० बजेटमध्ये ७५.२५ प्रतिशत खर्च भएको छ भने रु ९० करोड १३ लाख ५४ हजार ७१७ रकम फ्रिज भएको कोष तथा लेखा नियन्त्रणको कार्यालयका प्रमुख कोष नियन्त्रक धर्मभक्त बस्यालले जानकारी दिनुभयो। कार्यालयले स्थानीय तहमा सोझै आएको बजेटबाहेक सङ्घीय सरकारको, प्रदेश सरकारको र स्थानीय तहमा आएको ससर्त र समपूरक बजेटको अनुगमन र लेखापरीक्षण गर्दै आएको छ। गत आर्थिक वर्षमा सङ्घीय सरकारबाट बागलुङमा पूँजीगततर्फ रु एक अर्ब ५४ करोड २६ लाख ९२ हजार ५०० बजेट प्राप्त भएकामा जम्मा ५८.२५ प्रतिशत मात्रै अर्थात् रु ८९ करोड ८५ लाख ७४ हजार १६४ मात्रै खर्च भएको छ भने रु ६४ करोड ४१ लाख १८ हजार ३३६ बजेट फ्रिज भएको छ। यस्तै गण्डकी प्रदेश सरकारले गत आर्थिक वर्षमा विनियोजन गरेको पूँजीगततर्फ रु दुई अर्ब नौ करोड ८८ लाख २७ हजार बजेटमध्ये जम्मा ८७.७४ प्रतिशत मात्रै अर्थात् रु एक अर्ब ८४ करोड १५ लाख ९० हजार ६१९ बजेट खर्च भएको छ भने रु २५ करोड ७२ लाख ३६ हजार ३८१ रकम फ्रिज भएको छ।

सङ्घीय सरकारका ५० वटा कार्यालय, १० स्थानीय तह र प्रदेशका १८ कार्यालयअन्तर्गत चालु र पूँजीगत गरी बागलुङमा रु ११ अर्ब ८२ करोड ७१ लाख ३३ हजार ८८८ बजेटमध्ये ८८.५४ प्रतिशत अर्थात् रु १० अर्ब ४७ करोड १६ लाख ६४ हजार ३७२ रकम खर्च भएको छ। त्यस्तै रु. एक अर्ब ३५ करोड ५४ लाख ६९ हजार ५१६ रकम फ्रिज भएको कोष तथा लेखा नियन्त्रकको कार्यालयले जनाएको छ। "असारमा मात्रै पूँजीगततर्फको सङ्घीय र प्रदेश बजेटमा ३४.२८ प्रतिशत बजेट खर्च भएको छ, तर कतिपय बजेट असारको अन्तिममा रकमान्तर गरेर आउने, अख्तियारी समयमै नआउने जस्ता कारणले काम पहिले भए पनि भुक्तानी असारमा भएकाले धेरै रकम असारमा खर्च भएको देखिन्छ," प्रमुख कोष नियन्त्रक बस्यालले भन्नुभयो, "असारे विकासको प्रवृत्ति दोहोरिएको छ, सङ्घीय सरकारको गत आर्थिक वर्षमा १९.५० प्रतिशतले घटेको छ तर जम्मा बजेट खर्च एक प्रतिशतले मात्रै घटेको पाइएको हो।"
जिल्लामा कतिपय चालु खर्च मात्रै गर्ने कार्यालय भएको र कतिपय विकासे बजेट अत्यधिक खर्च गर्ने कार्यालय भएकाले खर्चका आधारमा कार्यालयको प्रगतिलाई आधार मान्न नहुने कोष तथा लेखा नियन्त्रक तथा सूचना अधिकारी जब्बरबहादुर भण्डारीले जानकारी दिनुभयो।


## ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्न आउने बारे ७ दिने सूचना

**(तेस्रो पटक प्रकाशित मिति २०७९/०४/०५)**

यस संस्थाबाट तपशिलमा उल्लेखित सदस्यहरुले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवं हर्जाना व्याज समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक, लिखित तथा मिति २०७९/०२/१८ मा पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने मिति २०७९/०३/२२ मा पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सार्वजनिक सूचना प्रकाशित गरी जानकारी गराउदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा तेस्रो पटक यो सूचना प्रकाशित गरीएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनु होला। अन्यथा तपाई ऋणी तथा जमानत बस्ने सदस्यहरुले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण लगानी तथा असुली नीति बमोजिम लिलाम बिक्री गरी संस्थाको लेना रकम असुल उपर गर्ने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

**तपसिल**

| क्र.सं. | ऋणी सदस्य एवं धन जमानतको नाम थर | धितो विवरण |
|---|---|---|
| १ | ● गम बहादुर तिवारीको नाति श्री बहादुर तिवारीको छोरा कास्की जिल्ला माझठाना गा.बि.स. वडा नं. ७ घर भई हाल पोखरा म.न.पा. वडा नं. २८ बस्ने<br>**ऋणी : सागर तिवारी**<br>● श्री बहादुर तिवारीको बुहारी सागर तिवारीको श्रीमती कास्की जिल्ला माझठाना गा.बि.स. वडा नं. ७ घर भई हाल पोखरा म.न.पा. वडा नं. २८ बस्ने<br>**धनजमानत : सुनिता अधिकारी तिवारी** | **सागर तिवारी**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको माझठाना गा.वि.स. वडा नं. ७ को कित्ता नं.३७४, ४२१, ८६४ को क्षेत्रफल १-०-०-१, १-१२-२-२ र १-१०-२-२ को जग्गा |
| २ | ● हरिलाल सुनारको बुहारी निर्मल बहादुर सुनारको श्रीमती कास्की जिल्ला निर्मलपोखरी गा.बि.स. वडां नं ९ घर भई हाल पोखरा म.न.पा. वडां नं २९ बस्ने<br>**ऋणी : दुर्गा कुमारी सुनार**<br>● गिरमान कामीको बुहारी विरे कामीको श्रीमती कास्की जिल्ला पुरुन्चौर गा.बि.स. वडां नं १ घर भई हाल पोखरा म.न.पा. वडां नं २९ बस्ने<br>**धन जमानत : मया कामी** | **दुर्गा कुमारी सुनार**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स.वडां नं २ सिट नं. ० ९४११६७०४ को कित्ता नं ११२१८ को क्षेत्रफल ०-४-२-३ को जग्गा |
| ३ | ● गिरमान कामीको नाती बिरे कामीको छोरा कास्की जिल्ला पुरुन्चौर गा.बि.स. वडा नं. १ घर भै हाल पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>**ऋणी : रुद्र बहादुर बि.क.**<br>● बिरे कामीको बुहारी रुद्र बहादुर बि.क.को श्रीमती पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>**धनजमानत : मेनुका बि.क.** | **रुद्र बहादुर बि.क.**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स. वडा नं. १ सिट नं. ०९४११६६४ को कित्ता नं. १२४५० को क्षेत्रफल ०-८-०-० को जग्गा |
| ४ | ● गिरमान कामीको बुहारी बिरे कामीको श्रीमती कास्की जिल्ला पुरुन्चौर गा.बि.स. वडा नं. १ घर भै हाल पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>**ऋणी : मया कामी**<br>● बिरे कामीको बुहारी चिरञ्जीवी सुनारको श्रीमती पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>**धनजमानत : सुजाता सुनार** | **मया कामी**को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स. वडा नं. १ सिट नं. ० ९४११६६४ को कित्ता नं. १२४५१ को क्षेत्रफल ०-८-०-० को जग्गा |
| ५ | ● तोक बहादुर कार्कीको बुहारी बाबुराम कार्कीको श्रीमती कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>**ऋणी : दानु कुमारी बस्नेत कार्की**<br>● बल बहादुर कार्कीको नाती तोक बहादुर कार्कीको छोरा कास्की जिल्ला काहुँ गा.बि.स. वडा नं. ९ घर भै हाल पोखरा म.न.पा. वडा नं. २९ बस्ने<br>**धनजमानत : बाबुराम कार्की** | **दानु कुमारी बस्नेत कार्की** को नाममा मालपोत कार्यालय लेखनाथ कास्कीमा दर्ता श्रेस्ता कायम रहेको शिशुवा गा.बि.स. वडा नं. २ सिट नं. ०९४११२६०१ को कित्ता नं. ७८४६ को क्षेत्रफल ०-४-०-३ र कित्ता नं. ३३५७ को क्षेत्रफल २-०-०-० को जग्गा |
| ६ | ● मान बहादुर सार्कीको नाती लाल बहादुर सार्कीको छोरा तनहुँ जिल्ला व्यास न.पा वडा नं. ११ बस्ने<br>**ऋणी : दल बहादुर सार्की**<br>● लाल बहादुर सार्कीको बुहारी दल बहादुर सार्कीको श्रीमती तनहुँ जिल्ला व्यास न.पा वडा नं. ११ बस्ने<br>**धनजमानत : राम माया सार्की**<br>● लाल बहादुर सार्कीको नातिनी दल बहादुर सार्कीको छोरी तनहुँ जिल्ला व्यास न.पा वडा नं.११ बस्ने<br>**धनजमानत : संगीता बोहोरा** | **दल बहादुर सार्की**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.वि.स.वडा नं. ६/ङ कित्ता नं २८६, ३५० को क्षेत्रफल २-७-०-०, १-७-०-० को जग्गा |

**नोट : यस संस्थाबाट ऋण लिई ऋणको किस्ता नियमित नगर्ने अन्य सदस्यहरुलाई समेत यसै सूचनाद्धारा ऋण नियमित गर्नुहुन जानकारी गरिन्छ। अन्यथा यसै अनुसार कानुनी प्रक्रिया मार्फत लेना रकम असुल उपर गर्न संस्था बाध्य हुनेछ।**

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
ROYAL

प्रधान कार्यालय : पोखरा-१०, बुद्धचोक, कास्की
फोन नं. : ०६१-५३८८३३


# बागलुङ कालिका मन्दिरको अम्दानी साढे दुई करोड

पोखरापत्र संवाददाता

बागलुङ, ४ साउन

बागलुङ कालिका भगवती गुठीले एक वर्षमा रु दुई करोड ५७ लाख आम्दानी गरेको छ। गत माघ महिनादेखि हालसम्म उक्त आम्दानी भएको हो।

माघसम्म तत्कालीन अध्यक्ष राजु खड्का नेतृत्वको र फागुनपछि कुमार खड्का अध्यक्ष रहेको समितिले काम गरेको थियो। अघिल्लो समितिको रकम अपनत्व लिएको गुठीले असार मसान्तसम्म उक्त अङ्कको आयव्याय भएको सार्वजनिक गरेको हो। खर्चतर्फ तलबका लागि रु १८ लाख ९१ हजार र बिजुली महसुल रु एक लाख १४ हजार खर्च भएको उल्लेख छ। हाल निर्माण सम्पन्न भएको सत्तलका लागि रु ६२ लाख ६५ हजार र पूजा खर्चतर्फ रु दुई लाख ९३ हजार देखाइएको छ। कर्मचारीको पोशाकका लागि रु तीन लाख ५९ हजार ६५०, मेसिनरी तथा उपकरण खरिद शीर्षकमा रु १२ लाख ४६ हजार खर्च गरेको देखिएको हो। खाद्यान्न तथा आवासतर्फ रु दुई लाख ४१ हजार, दैनिक भ्रमण भत्ता शीर्षकमा रु एक लाख ९६ हजार, सामान खरिदमा रु तीन लाख चार हजार र चैत्रास्टमी मेलाका लागि रु १८ लाख खर्च भएको हो। आम्दानीतर्फ भक्तजनले चढाएको चामलबाट रु दुई लाख ७९ हजार, बोकाको टाउको बिक्री रु सात लाख ३४ हजार, कुखुराको रु ८० हजार, राँगाको रु १७ हजार आम्दानी भएको हो। भाडामा दिएको सटरबाट रु १७ लाख ४७ हजार, आर्थिक सहयोगमार्फत रु १० लाख ७६ हजार कमाइ भएको देखिएको हो। आम्दानी र खर्चमध्ये बैंकमा रु ७८ लाख ९४ हजार र साना नगदी कोषमा रु आठ हजार ९०० रहेको देखिएको छ। उहाँले आजदेखि नै कालिका भगवती मन्दिरको गेट रातको समयमा बन्द गर्ने निर्णय गरेको सुनाउनुभयो। "अनधिकृत मानिस प्रवेश गर्ने, सुरक्षामा चुनौती" भएको र मन्दिरमा अन्य घटना पनि हुनसक्ने भन्दै गेट बन्द गर्ने निर्णय गरेको हो।

त्यस्तै हाल सवारीसाधन पार्किङ गरिरहेको स्थान मानव सेवा आश्रमको जिम्मामा दिने निर्णय गरेको छ। उक्त स्थानमा उठ्ने सवारी शुल्क आश्रमले व्यवस्थापन गरेर आम्दानीको रूपमा लैजान पाउने भएको हो। यहाँ शुल्क उठाउँदा बढी लिएको वा अन्य समस्या आएको भन्दै उजुरी आएपछि सेवामूलक काममा खर्चने गरी व्यवस्थापन गरिएको उहाँले बताउनुभयो।

गुठीले मन्दिर परिसरभित्र रहेका पुराना जीर्ण संरचनालाई पुरातात्विक हिसाबले निर्माण गर्ने, मन्दिर बाहिर सुविधासम्पन्न विद्याश्रम र धर्मशाला बनाउने, ऐतिहासिक धार्मिक सङ्ग्राहलय बनाउने योजना अगाडि सारेको छ। मन्दिर परिसरमा अखण्ड धुनी निर्माण गर्ने, काठबाट निर्मित हवन कुण्ड बनाउने, भक्तजनलाई शुद्ध खानेपानीको व्यवस्थापन गर्ने, महिलामैत्री, फरक क्षमता भएका व्यक्तिको सहज हुने शौचालय बनाउने रणनीतिक योजना बनाइएको छ।

नियमित भजनकीर्तनलाई निरन्तरता दिने, वेबसाइट निर्माण, भक्तजनको रेकर्ड सुरक्षित गर्न सकिने मेसिन जडान गर्ने, जङ्गली जनावरको संरक्षण गर्ने, गरिब जेहेन्दार, अनाथ र असहाय बालबालिकाको शिक्षा आर्जनमा अभिभावकत्व ग्रहण गर्ने उद्देश्यले शैक्षिक कोष निर्माण गर्ने लक्ष्यसमेत राखिएको छ। गुठीले सामाजिक एवं मानवीय हितका लागि कालिका भगवतीको नामअङ्कित गरेर एम्बुलेन्स, शववाहन तथा दमकलको व्यवस्थापन गर्ने लक्ष्यसमेत रणनीतिक योजनामा समावेश छ। यसअघिको समितिले बनाएको गन्तव्य कालिका अभियानलाई निरन्तरता दिएर बढीभन्दा बढी भक्तजन भित्र्याउनेसमेत लक्ष्य राखिएको छ।

# तिलिचो तालमा विद्युत् पुऱ्याइँदै

–नवीन लामिछाने

मनाङ, ४ साउन

हिमाली जिल्ला मनाङको ३३ केभी स्यार्कु सवस्टेशनले तिलिचो तालमा विद्युत् पुऱ्याउने भएको छ। विश्वको सबैभन्दा अग्लो स्थानमा रहेको तिलिचो ताल वेस क्याम्प र थोराङ्ला हाई क्याम्पसम्म चालु आर्थिक वर्ष ०७९/८० मा केन्द्रीय लाइनको विद्युत् पुऱ्याइने भएको हो।

गत वर्ष बाढीपहिराले क्षति पुऱ्याएको राष्ट्रिय प्रसारण लाइनको मर्मत सकिएर चार्ज भएको नेपाल विद्युत् प्राधिकरण मनाङ वितरण केन्द्रका प्रमुख मिलन सुवेदीले जानकारी दिनुभयो। विद्युत् प्राधिकरणले तिलिचो तालसम्म विद्युत् पुऱ्याउने योजना पूरा गर्ने उहाँले बताउनुभयो। उहाँका अनुसार हालै मात्र पोल, तारलगायत सबस्टेशनमा चार्ज भएपछि विद्युत् सेवा प्रवाह भएको छ।

"क्षति पुगेको एक वर्षपछि मर्मत भएपछि नेपाल विद्युत् प्राधिकरणको ३३ केभी सबस्टेशनमार्फत सेवा प्रवाह गरिएको छ। अब मनाङवासीलाई विद्युत्को पहुँचमा पुऱ्याउन सफल हुनेछौँ," सुवेदीले भन्नुभयो। गत वर्षको बाढीपहिराले बिजुलीको पोल, तार पुरिनाका साथै बाढीले क्षति पुऱ्याएपछि जिल्लामा विद्युत् आपूर्ति अवरुद्ध भएको थियो। "नेपाल विद्युत् प्राधिकरणको ३३ केभी सबस्टेशनमा चार्ज भएको छ। अबदेखि निरन्तर विद्युत् सेवा प्रवाह हुन्छ," उहाँले भन्नुभयो। लघु जलविद्युत्को भरमा रहेको हिमाली जिल्ला मनाङमा राष्ट्रिय प्रसारण लाइनबाट पहिलो पटक चामे सदरमुकामसम्म विद्युत् सेवा प्रवाह भएको थियो। जिल्लामा पहिलो पटक विसं २०७७ मा केन्द्रीय प्रसारण लाइन जोडिएको थियो। राष्ट्रिय प्रसारण लाइनसहित अन्य लघु जलविद्युत्मा समेत बाढीपहिराले क्षति पुऱ्याउँदा मनाङ एक वर्षदेखि टुकीको भरमा छ। बाढीपहिराले प्रसारण लाइनमा रु साढे तीन करोडको क्षति पुऱ्याएको थियो। विसं २०७७ को फागुनमा पहिलो पटक नेपाल विद्युत् प्राधिकरणको ३३ केभीको राष्ट्रिय प्रसारण लाइन मनाङ विद्युत् सेवा प्रवाह भएको थियो। तर केन्द्रको लाइन प्रसारण भएको पाँच महिनामा नै बाढीपहिराले क्षति पुऱ्यायो।

हिमाली जिल्ला मनाङ विकट भएकाले पनि मर्मत कार्यमा अलि बढी ढिलाइ भएको प्रमुख सुवेदीले जानकारी दिनुभयो। राष्ट्रिय प्रसारण लाइनको विद्युत् सेवा प्रवाह भएसँगै अब जिल्लामा सरकारी कार्यालयका साथै यस प्रसारण लाइनको विद्युत् सेवा जडान भएका क्षेत्रमा सहज रूपमा विद्युत् प्रवाह भएको छ। जिल्ला अस्पताल मनाङमा विद्युत् अभावका कारण विभिन्न उपकरण सञ्चालन हुन सकेका थिएनन्। विद्युत् प्रवाह हुन थालेपछि अस्पतालको सेवामा सहज हुने विश्वास लिइएको छ।

# पदमार्ग बनेपछि चिटिक्क पऱ्यो चिनाकोट

पोखरापत्र संवाददाता

म्याग्दी, ४ साउन

म्याग्दीको मङ्गला गाउँपालिका-३ मा रहेको ऐतिहासिक पर्यटकीयस्थल चिनाकोट दरबार पुग्ने पदमार्ग निर्माण भएपछि चिनाकोट पुग्ने पर्यटक र चिनाकोटको सौन्दर्य दुवै बढेको छ।

गण्डकी प्रदेशसभा सदस्य, पूर्व सामाजिक विकासमन्त्री नरदेवी पुनको सांसद विकास कोषबाट पूर्वाधार विकास कार्यालयमार्फत रकम परिचालन हुने गरी प्राप्त रु नौ लाख र स्थानीयवासीको एक लाख १० हजार बराबरको श्रमदानबाट पदमार्ग निर्माण गरेपछि चिनाकोट चिटिक्क देखिएको हो। पदमार्ग निर्माण उपभोक्ता समितिका अध्यक्ष दर्पण रोकाका अनुसार घाम्टाङदेखि चिनाकोट सम्मको करिब ४०० मिटर पदमार्ग निर्माण गरिएपछि ऐतिहासिक चिनाकोट दरबार पुग्न सहज भएको हो। घाम्टाङदेखि चिनाकोट सम्मको जम्मा ७०० मिटर बाटोमा करिब ६० प्रतिशतमा पदमार्ग निर्माण भएको अध्यक्ष रोकाले बताउनुभयो।

उहाँका अनुसार चिनाकोट पुग्नका लागि बाँकी पदमार्ग पनि निर्माण गर्न आवश्यक रहेको छ। "प्राप्त बजेट अनुसार काम गर्दै जाँदा अप्ठ्यारो ठाउँमा पुगेर पदमार्ग निर्माण रोकिएको छ, यो वर्ष पनि बजेटको आवश्यक छ", रोकाले भन्नुभयो। आकर्षक पर्यटकीय गन्तव्यको रूपमा विकास हुँदै आएको चिनाकोटमा पुग्नका लागि पदमार्ग अति नै आवश्यक रहेको छ। हाल ढुङ्गाको सिँढी सहितको पदमार्ग निर्माण भएपछि चिनाकोट आवतजावत गर्ने पर्यटकलाई आधी बाटोसम्म यात्रा गर्न सहज भएको छ। चिनाकोटलाई पर्यटकीयस्थलको रूपमा विकास गर्न यस अघि गाउँपालिकाले धुरीमा उक्लिनका लागि रेलिङसहितको पदमार्ग निर्माण गरिसकेको छ भने खानेपानीको व्यवस्थापन, टवाइलेट लगायतको पूर्वाधार निर्माण गरेको छ। बाइसे चौबिसे राज्यको समयमा राजा बसेकाले चिनाकोटको महत्व विशेष रहेको छ। चिनाकोटमा अझैपनि दरबारका भग्नावशेष, रानी बसेर कपाल कोर्ने ढुङ्गा, पानी खाने कुवा, सिपाहीले सुरक्षाका लागि बनाइएका पर्खाललगायत रहेकाले ऐतिहासिक महत्वको चिनाकोटलाई संरक्षण र सम्वर्द्धन गरिने वडाध्यक्ष याम रोकाले बताउनुभयो। समुद्री सतहदेखि दुई हजार २०० मिटरको उचाइमा रहेको चिनाकोट दरबारलाई पर्यटकीयस्थलको रूपमा विकास गर्नका लागि मङ्गला गाउँपालिकाले गुरुयोजना तयार गरी पूर्वाधार निर्माणलाई प्राथमिकताका साथ अगाडि बढाएको गाउँपालिका अध्यक्ष सतप्रसाद रोकाले बताउनुभयो।